# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं साउन १२ गते, २०७१ साल (संख्या १३


## भाग ३

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

## आयकर (चौथो संशोधन) नियमावली, २०७१

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "आयकर (चौथो संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आयकर नियमावली, २०५९ को नियम २० मा संशोधन** : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (२) को खण्ड (क२) को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

शुरुमा "अवकाश कोष सञ्चालन गर्ने निकायको" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ को उपनियम (१) मा रहेका "आर्जन गर्न चाहने" भन्ने शब्दहरुको सट्टा "आर्जन गर्न चाहने, विभागले स्थायी लेखा नम्बर लिनुपर्ने भनी तोकिएको" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना २

## मूल्य अभिवृद्धि कर (सोह्रौं संशोधन) नियमावली, २०७१

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (सोह्रौं संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा नियम ७क. थप** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ७ पछि देहायको नियम ७क. थपिएको छ :-

"७क. **अस्थायी दर्ता सम्बन्धी विशेष व्यवस्था** : (१) अस्थायी रुपमा आयोजना गर्ने प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम गर्ने मूल्य अभिवृद्धि करमा दर्ता नभएकाले ऐनको दफा १०क. बमोजिम कारोबार दर्ता गर्न सम्बन्धित आयोजकको सिफारिस सहित सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिनु पर्नेछ ।



१५२१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा त्यस्तो कार्यक्रमबाट प्राप्त हुने आयको पूर्वानुमान गरी सो आयको दुई प्रतिशतले हुने रकम सो कार्यालयमा धरौटी राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयका कर अधिकृतले त्यस्तो कारोबार मूल्य अभिवृद्धि करमा दर्ता गरी निवेदकलाई दर्ता नम्बर सहितको प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएकाले प्रदर्शनी, मेला तथा यस्तै प्रकृतिका कार्यक्रम समाप्त भएको सात दिनभित्र कारोबार दर्ता गर्नेले सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा मूल्य अभिवृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर दाखिला गरी अस्थायी दर्ता खारेजीका लागि स्थायी लेखा नम्बरको सक्कल प्रमाणपत्र, अस्थायी दर्ता भएको अवस्थाको कर चुक्ता प्रमाण पत्र र आयोजकको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम अस्थायी दर्ता खारेजीको निवेदन प्राप्त भएमा सम्बन्धित कर अधिकृतले करदाताले पेश गरेको मूल्य अभिवृद्धि कर विवरण तथा अन्य कागजात जाँचबुझ गरी पन्ध्र दिनभित्र अस्थायी दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(६) उपनियम (२) बमोजिम निवेदकले राखेको धरौटी उपनियम (४) बमोजिम बुझाउनु पर्ने मूल्य अभिवृद्धि करमा मिलान गर्न पाउनेछ।

(७) उपनियम (५) बमोजिम जाँचवुझ गर्दा थप कर निर्धारण हुन गएमा निवेदकलाई कर दाखिला गर्न तीन दिनको सूचना दिइनेछ । सो अवधिभित्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदकले कर दाखिला नगरेमा निजले धरौटी राखेको रकमबाट असुल गरिनेछ र सो रकमबाट पनि नपुगेमा बाँकी रकम आयोजकबाट असूल गरिनेछ ।"

३. मूल नियमावलीको नियम १८ मा संशोधन : मूल नियमावलीको नियम १८ को उपनियम (२) मा रहेका "नगरी एकमुष्ट केही वस्तुहरु भनी उल्लेख गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीको नियम २६ मा संशोधन : मूल नियमावलीको नियम २६ को उपनियम (३क) पछि देहायको उपनियम (३ख) थपिएको छ :-

"(३ख) पत्रपत्रिका वा पत्रपत्रिका प्रकाशन गृहको कारोबार गर्ने व्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने कर अवधि चौमासिक कायम गर्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छ :-

"३० कर, जरिवाना, थप दस्तुर र व्याजको रकम बुझाउनु पर्ने : नियम २९ बमोजिम जारी भएको कर निर्धारण आदेश बमोजिमको रकम सम्बन्धित करदाताले त्यस्तो आदेशमा उल्लिखित मितिभित्र सम्बन्धित कार्यलयमा दाखिला गर्नु पर्नेछ ।"

## सूचना ३

## अन्तःशुल्क (चौधौं संशोधन) नियमावली, २०७१

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अन्तःशुल्क (चौधौं संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम १६ मा संशोधन** : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वियर, वाइन तथा १५, २५, ३०, ४०, ५० र ७० यू.पी. शक्तिका मदिरा बिभागले तोके बमोजिमको परिमाणमा बोतलबन्दी गरी उत्पादन गर्नु पर्नेछ ।"

३. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ को उपनियम (१) मा रहेका "मदिरा भर्दाको कारणबाट" भन्ने शब्दहरु पछि "एक प्रतिशतभन्दा बढीले" भन्ने शब्दहरु थपिएका छन् ।

४. **मूल नियमावलीमा नियम २९ख. थप** : मूल नियमावलीको नियम २९क. पछि देहायको नियम २९ख. थपिएको छ :-

"**२९ख. अन्तःशुल्क टिकटको प्रयोग** : (१) नेपालभित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेका अन्तःशुल्कजन्य वस्तुमा विभागले तोकेको ढाँचाका अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रयोग गर्ने टिकट विभागले तोकेको प्रक्रिया बमोजिम टाँस गर्नु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम ३० मा संशोधन** : मूल नियमावलीको नियम ३० को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अन्तःशुल्क (चौधौं संशोधन) नियमावली, २०७१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम १६ मा संशोधन** : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १६ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) मदिरा उत्पादन गर्ने इजाजतपत्रवालाले वियर, वाइन तथा १५, २५, ३०, ४०, ५० र ७० यू.पी. शक्तिका मदिरा बिभागले तोके बमोजिमको परिमाणमा बोतलबन्दी गरी उत्पादन गर्नु पर्नेछ ।"

३. **मूल नियमावलीको नियम २३ मा संशोधन** : मूल नियमावलीको नियम २३ को उपनियम (१) मा रहेका "मदिरा भर्दाको कारणबाट" भन्ने शब्दहरु पछि "एक प्रतिशतभन्दा बढीले" भन्ने शब्दहरु थपिएका छन् ।

४. **मूल नियमावलीमा नियम २९ख. थप** : मूल नियमावलीको नियम २९क. पछि देहायको नियम २९ख. थपिएको छ :-

"**२९ख. अन्तःशुल्क टिकटको प्रयोग** : (१) नेपालभित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेका अन्तःशुल्कजन्य वस्तुमा विभागले तोकेको ढाँचाका अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रयोग गर्ने टिकट विभागले तोकेको प्रक्रिया बमोजिम टाँस गर्नु पर्नेछ ।"

५. **मूल नियमावलीको नियम ३० मा संशोधन** : मूल नियमावलीको नियम ३० को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१५४

अन्य मालवस्तु भएमा मूल्यको पाँच प्रतिशत धरौटी लिई मर्मतका लागि लैजान दिन सक्नेछ ।"

३. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को उपनियम (१) मा रहेका "अन्य आवश्यक कागजात" भन्ने शब्दहरुपछि "पन्ध्र दिनको म्याद दिई" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीको नियम ३७ मा संशोधन : मूल नियमावलीको नियम ३७ को,-

(क) उपनियम (२) को खण्ड (क) मा रहेका "उमेर पुगेको" भन्ने शब्दहरु पछि "नेपाली नागरिक" भन्ने शब्दहरु थपिएका छन् ।

(ख) उपनियम (५) मा रहेका "तीन हजार रुपैयाँ" र "तीन लाख रुपैयाँ" भन्ने शब्दहरुको सट्टा क्रमशः "सात हजार रुपैयाँ" र "सात लाख रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) उपनियम (६) मा रहेका "तीन हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "सात हजार रुपैयाँ" भन्ने शब्दहरु र सोही उपनियमको खण्ड (क) मा रहेका "आयकर तिरेको प्रमाण" भन्ने शब्दहरुको सट्टा "कर चुक्ताको प्रमाणपत्र" भन्ने शब्दहरु राखिएका छन् ।

(घ) उपनियम (७) मा रहेका "तीन हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "सात हजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन् ।

(ङ) उपनियम (११) मा रहेका "नियुक्ति गर्न अनुमति दिन सक्नेछ ।" भन्ने शब्दहरु पछि "त्यसरी उपनियम (१०) र यस उपनियम बमोजिम भन्सार एजेन्टको प्रतिनिधि नियुक्ति गर्न अनुमति दिइएकोमा भन्सार कार्यालयको प्रमुखले सो एजेन्ट र प्रतिनिधि समेतको



१२८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

विवरण विभागमा पठाउनु पर्नेछ ।" भन्ने शब्दहरु थपिएका छन् ।

५. **मूल नियमावलीको नियम ४७ मा संशोधन** : मूल नियमावलीको नियम ४७ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेमा वा गरेमा त्यसरी चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिने वा पक्राउ गर्ने व्यक्तिलाई सो मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्न लागेको प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट मुद्दाको अन्तिम किनारा भएपछि भन्सार महसुल माफी र मूल्य अभिवृद्धि कर छुट भएका मालवस्तुहरु बाहेक अन्य मालवस्तु भए देहाय बमोजिम पुरस्कार दिइनेछ :-

(क) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई दश प्रतिशत,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मानिस सहित पक्री पेश गर्नेलाई बीस प्रतिशत,

तर त्यस्तो मालवस्तु सुन, चाँदी वा जवाहिरात भएमा दश प्रतिशत ।

(ग) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मात्र पक्री पेश गर्नेलाई दश प्रतिशत ।"

६. **मूल नियमावलीको नियम ६६क. मा संशोधन** : मूल नियमावलीको नियम ६६क. को सट्टा देहायको नियम ६६क. राखिएको छ :-



१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

"६६क. **आंशिक जाँचपास गर्ने** : (१) पैठारीकर्ताले भन्सार गोदाममा राखिएका एउटै बीजकमा उल्लेख भएका मालवस्तु एकैपटक जाँचपास नगराई आंशिक रुपमा जाँचपास गराई लैजान चाहेमा भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा भन्सार अधिकृतले त्यसरी आंशिक रुपमा जाँचपास गर्न नमिल्ने कुनै कारण भएमा बाहेक जाँचपास गराउन चाहेको मालसामानको परिमाणको महसुल लिई आंशिक रुपमा मालवस्तु जाँचपास गरिदिनु पर्नेछ ।

(३) एउटै बीजकमा उल्लेख गरी पैठारी हुन आएका मालवस्तु मध्ये कुनै मालवस्तु प्रयोगशालामा परीक्षण गर्दा पैठारी गर्न नपाउने देखिएमा त्यस्तो मालवस्तु बाहेक अन्य मालवस्तुको मात्र महसुल लिई भन्सार अधिकृतले जाँचपास गरिदिनु पर्नेछ ।"

७. **मूल नियमावलीमा नियम ६६ख. थप** : मूल नियमावलीको नियम ६६क. पछि देहायको नियम ६६ख. थपिएको छ :-

"६६ख. **भूलवश गलत ठेगानामा आएको सामान (मिसिङ्ग कार्गो) फिर्ता माग गर्न सक्ने** : हवाइमार्गबाट भूलवश गलत ठेगानामा आएको सामानलाई मालधनी वा अन्य सम्बन्धित पक्षले कारण खुलाई फिर्ता लैजान निवेदन दिएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सो सामान फिर्ता लैजान निवेदकलाई अनुमति दिन सक्नेछ ।"

आज्ञाले,

**युवराज भुसाल**
नेपाल सरकारको सचिव





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।